# बाढीबारे सचेत हुनुहुन्छ? तयार रहनुहोस्!

बाढीको बारेमा अधिक कुरा ***kingcounty.gov/floodservices*** बाट थाहा पाउनुहोस्

## पहिले

**1 आफ्नो बाढीसम्बन्धी खतराबारे जान्नुहोस्।** तपाईंको सम्पत्ति बाढीग्रस्त क्षेत्रमा छ कि छैन भनेर **kingcounty.gov/FEMAmap** मा जाँच गर्नुहोस्। तपाईंलाई मद्दतको खाँचो परेमा वा उचाइ प्रमाणीकरणको बारेमा जानकारी चाहिएमा, **206-477-4812** मा फोन गर्नुहोस्।

**2 बाढी बीमा खरिद गर्नुहोस्।** स्ट्याण्डर्ड घरमालिक बीमाले बाढीद्वारा हुने हानीलाई समेट्दैन र नयाँ बाढी बीमा नीतिहरूमा 30 दिने पर्खने समयावधि हुन सक्छ। ***floodsmart.gov*** बाट अधिक कुरा जान्नुहोस् वा **877-336-2627** मा फोन गर्नुहोस्।

**3 आफू र आफ्नो परिवारको सुरक्षा गर्नुहोस्।**

- आफ्नो आपत्कालीन योजना र सहयोगी उपकरण अद्यावधिक गर्नुहोस्।
- कहिले स्थानान्तरण गर्ने भन्ने बारेमा थाहा पाउनुहोस् र उच्च स्थानमा जाने मार्गको अभ्यास गर्नुहोस्।
- स्थानीय लाइनहरू व्यस्त भएमा जानकारी दिनका लागि फोन गर्न राज्य बाहिरको साथी वा आफन्तलाई रोज्नुहोस्।

**4 आफ्नो सम्पत्ति र घरपालुवा जनावरहरूलाई बाढीका खतराहरूबाट सुरक्षित राख्नुहोस्।**

- सवारी साधन्, उपकरण र पशु/घरपालुवा जनावरहरूलाई उच्च स्थलमा सार्नुहोस्।
- प्रोपेन र इन्धन ट्याङ्कहरूलाई दरिलोसँग बाँध्नुहोस्। रसायनिक पदार्थ र मूल्यवान वस्तुहरू बाढीको तहभन्दा माथि राख्नुहोस्।
- बाढीको पानी ढल निकासहरूमा जमेर बस्न नदिन ढल ट्र्यापहरू निर्माण गर्दा चेक भल्भहरू स्थापना गर्नुहोस्।

## आफ्नो जिम्मेवारी निर्वाह गर्नुहोस्!

### प्राकृतिक रूपमा बाढीको जोखिम कम गर्ने मैदानको सुरक्षा गर्नुहोस्।

कृतिक स्वस्थ बाढी मैदानहरू सुस्त बहाव र बाढीको पानी सञ्चित गर्न मद्दत गर्दछ जसले बाढीको जोखिम घटाउँछ र अन्य धेरै फाइदाहरू दिन्छ।

भेल र अतिरिक्त पानीको निकासमा कहिल्यै फोहर नफाल्नुहोस्, फाल्ने भाँडोहरूमा फोहरहरू र जनावरका मलमुत्र फ्याँक्नुहोस् र छेउका बाटोहरू, गटरहरू, सवारी साधन गुड्ने ठाउँ र अन्य ढुङ्गाले छापिएका ठाउँहरू सफा राख्नुहोस्। सफा पानीका नालाहरूले हाम्रो नदी र झरनाहरूलाई पानी पिउन योग्य, वन्यजन्तु र मनोरञ्जनको लागि सफा राख्न मद्दत गर्छ।

## भइरहेको अवधिमा

**1 फर्कनुहोस्, नडुब्नुहोस्।** बाढीग्रस्त क्षेत्रहरूमा गाडी हाँक्ने वा हिँड्ने नगर्नुहोस्।

2 फ्लड वार्निङ एपमा अवस्थाहरू जाँच गर्नुहोस् वा King County बाढी चेतावनी केन्द्रमा फोन गर्नुहोस्।

3 सम्भावित स्थानान्तरण आदेशहरूको लागि मौसम सम्बन्धी रिपोर्टहरू पालना गर्नुहोस् र सुन्नुहोस्।

4 **तपाईं सुरक्षित रूपमो स्थानान्तरण हुन् सक्नुहुन्न भने मद्दतको लागि 911 मा फोन गर्नुहोस्।** आफ्नो मोबाइल फोन र टर्च लाइटसहित माथिल्लो तलामा सर्नुहोस्।

5 आफ्नो सम्पत्ति संरक्षणका लागि बालुवाका बोराहरू प्रयोग गर्नुहोस्। (नि:शुल्क वितरणका ठाउँहरूका लागि नक्सा हेर्नुहोस्)

6 बाढीको पानी तपाईंको भवनतर्फ आएको खण्डमा सुरक्षित भएमा मुख्य स्रोतमा रहेको उपयोगिताहरू बन्द गर्नुहोस्।

## बाढी सतर्कताको निम्ति दर्ता गर्नुहोस्

प्रारम्भिक रुपमा नि:शुल्क बाढी चेतावनीहरू प्राप्त गर्नका लागि साइन अप गर्नुहोस्। चेतावनी प्राप्त गर्न **फोन, पाठ सन्देश वा इमेल** *kingcounty.gov/flood* मध्येबाट चेतावनी प्राप्त गर्न सक्नुहुन्छ

## एप स्थापना गर्नुहोस्!

हाम्रा अद्यावधिक गरिएका एपले तपाईंलाई वास्तविक समयको मापन डाटा, बाढीको चरण र भविष्यवाणीहरू ट्र्याक गर्न मद्दत गर्दछ।

- अधिक भरपर्दो प्रविधि: तपाईंलाई सबैभन्दा बढी आवश्यकता परेको खण्डमा जानकारीको पहुँच प्राप्त गर्नुहोस्।
- अन्तरक्रियात्मक ग्राफहरू: स्थानीय परिस्थितिहरूको बारेमा जान्नका लागि बाढीका डाटाहरू अन्वेषण गर्नुहोस्।
- थप भाषाहरू: Google Translate द्वारा अनुवादित जानकारी हेर्नुहोस्।

## बाढीपछि

**1 सुरक्षित नभएसम्म तपाईंको आफ्नो भवनमा प्रवेश नगर्नुहोस्।** प्रयोग गर्नुपूर्व उपयोगिताहरूको पेशेवर स्तरबाट जाँच गर्नुहोस्।

2 आफ्नो भवन, खानेकुरा र पानी आपूर्तिको सुरक्षित सफाइका लागि प्रक्रियाहरू पालना गर्नुहोस्। ***kingcounty.gov/PrepareForFlooding*** मा थप जान्नुहोस्।

3 **बाढीले तपाईंलाई पुर्याएको क्षतिको आलेख राख्नुहोस्।** क्षतिको फोटो खिच्नुहोस् र मर्मत लागत रेकर्ड गर्नुहोस्। बाढीको क्षति दाबीको निम्ति तपाईंको बीमा एजेन्टलाई सम्पर्क गर्नुहोस्।

4 तपाईंको भवनमा उच्च पानीको पोइन्ट चिन्ह लगाउनुहोस्।

## भविष्यमा हुने बाढीको क्षति न्यूनीकरण गर्न सहयोग गर्नुहोस्

बाढीबाट प्रभावित भएको जमिनमा विकास गर्न अनुमति चाहिन्छ। तपाईंको सम्पत्तिमा नयाँ संरचना निर्माण, निर्माण सुधार, थपथाप, उत्खनन, ग्रेडिङ, पुर्ने वा अन्य कुनै पनि परिवर्तन गर्ने अनुमति दिइनुपर्छ र तपाईंको समुदायको बाढीबाट प्रभावित हुने जमीन व्यवस्थापन नियमका मापदण्डहरूको पालना गर्नुपर्छ। बाढीबाट प्रभावित हुने जमिनका भवनहरूमा गरिने कुनै पनि मर्मत वा सुधार कार्यहरूको लागत तिनीहरूको मूल्यको 50 प्रतिशत भन्दा बढी भएमा भनवहरूको सतहलाई उच्च बनाउने वा बाढी-प्रतिरोधी बनाउन आवश्यक पर्छ।

जिम्मेवारीका साथ गरिने निर्माणले मानिस र भवनहरू बाढीबाट सुरक्षित छन् भनी सुनिश्चित गर्छ। बाढी व्यवस्थापन नियमहरूले हाम्रो बाढी जोखिम रहेका क्षेत्रहरूलाई अन्य सम्पत्तिमा प्रत्येक विकासको प्रभाव कम गरेर त्यहाँ बस्ने र काम गर्ने सबैका लागि कम खतरनाक बनाउँदछ।


परियोजना सुरु गर्नुअघि तपाईंको क्षेत्राधिकारको अनुमति प्रदान गर्ने निकाय वा स्थानीय सेवाहरूका लागि King County विभाग (King County Department of Local Services), अनुमति दिने विभागलाई **206-296-6600** वा ***kingcounty.gov/permits*** मा सम्पर्क गर्नुहोस।

**रिसाइकल गर्न सकिने कागजमा प्रिन्ट गरिएको। कृपया रिसाइकल गर्नुहोस्।**
*सामान्य*

## आपत्कालीन किट चेकलिस्ट

थप कुराहरू यहाँ छन्: ***ready.gov/kit***

- ☐ ब्याट्री- वा क्र्याक-सञ्चालित रेडियो र अतिरिक्त ब्याट्रीहरू
- ☐ प्राथमिक उपचारका सामग्रीहरू र सिट्टी
- ☐ अतिरिक्त ब्याट्री भएको टर्च लाइट
- ☐ प्लास्टिकको झोलामा राखिएका महत्त्वपूर्ण कागजातका प्रतिलिपिहरू (चालक अनुमतिपत्र, बीमा र बैंकसम्बन्धी जानकारी्क र सम्पर्कसम्बनधी जानकारी)
- ☐ तपाईंको परिवार र पशुहरूका निम्ति केही दिनसम्म पुग्ने पानी र नबिग्रने खानेकुरा
- ☐ न्यानो कपडा, बलियो जुत्ता/बुट र कम्बलहरू
- ☐ व्यक्तिगत सरसफाइ र सफा गर्ने सामग्रीहरू
- ☐ सिफारिस गरिएका औषधीहरू
- ☐ बालबालिकालाई सान्तवना दिने सामानहरू (कम्बल, पुस्तकहरू, खेलौनाहरू)
- ☐ चार्जरहरू र अतिरिक्त ब्याट्रीहरूका साथमा मोवाइल फोन




KING COUNTY
FLOOD CONTROL
DISTRICT
516 Third Ave. Room 1200 • Seattle WA 98104
kingcountyf loodcontrol.org

PRSRT STD
U.S. POSTAGE
**PAID**
SEATTLE WA
PERMIT NO. 6013

**2024-2025**

# बाढीमा तयार हुनुहोस्

KING COUNTY मा बाढीको तयारीका लागि तपाईंको निर्देशिका

***नमस्कार्लो!***

तपाईंको सम्पत्ति बाढी प्रभावित क्षेत्रभित्र वा नजिकै रहेको र बाढीको जोखिममा रहेको हुनाले तपाईंले यो पुस्तिका्चा प्राप्त गर्नुभएको छ।

**KING COUNTY नदीहरूको नक्सा** ➡



अध्यक्ष Reagan Dunn

## के तपाईं तयार हुनुहुन्छ?

King County बाढी नियन्त्रण जिल्ला (जिल्ला) को अध्यक्षको रूपमा म हाम्रा नदीहरूको शक्ति र अनिश्चितताका बारेमा मलाई दैनिक रूपमा स्मरण गराइन्छ। बाढीको मौसम नजिकिँदै गर्दा, हाम्रो समुदायहरू फेरि एकजुट भएर तयारी गर्ने समय आएको छ। अहिले नै सक्रिय कदम चाल्नाले आँधीबेहरीको सामनामा ठूलो फरक पार्न सक्छ।

हाम्रो समुदायहरूको सुरक्षाका लागि भविष्यदर्शी बाढी जोखिम न्यूनीकरण परियोजना र नीतिहरू मार्फत जिल्ला नेतृत्वले गरेको कामप्रति म गर्व गर्दछु। हामी ११८ लम्बाइ माइलहरूको नदी किनारामा ५०० भन्दा बढी बाढी सुरक्षा सुविधाहरूको सञ्चालन, मर्मत र सुधारमा लगानी गर्छौं। हामी बाढी प्रभावित क्षेत्रका नक्सा अद्यावधिक गर्छौं; प्राविधिक अध्ययनहरू सञ्चालन गर्छौं; घर र व्यवसायहरूलाई उचाइमा पुर्याउँछौं; किसानलाई बाढी पानीसँग सामना गर्न सक्षम बनाउन मद्दत गर्छौं; र बाढी चेतावनी प्रणालीलाई सुधार गर्छौं जसले तत्काल जानकारी प्रदान गर्न मद्दत गर्दछ र बाढीजन्य घटनामा मानिसहरूलाई सुरक्षित राख्न सहयोग पुर्याउँछ।

जीवन र सम्पत्तिको बाढीबाट रक्षा गर्ने हाम्रो मिसनलाई थप अघि बढाउन र थप उत्थानशीलता र दिगो समुदायहरूलाई प्रवर्द्धन गर्नका लागि राष्ट्रिय संगठन र एजेन्सीहरूसँग जिल्लाले सक्रिय रूपमा संलग्न भइरहेको छ। नेसनल एसोसिएसन अफ स्टोर्मवाटर एन्ड फ्लड म्यानेजमेन्ट एजेन्सीज पानी र बाढी व्यवस्थापन एजेन्सीहरू (NAFSMA) को नयाँ सदस्यको रूपमा, हामी देशभरिका विशेषज्ञहरूसँग मिलेर सबैभन्दा उत्तम बाढी जोखिम न्यूनीकरण रणनीतिहरू अपनाउन काम गर्दैछौं। थप रूपमा, NAFSMA ले हामीलाई हाम्रो नवप्रवर्तनकारी प्रयासहरू प्रदर्शन गर्न दुईवटा इभेन्टमा प्रस्तुत गर्न निमन्त्रणा दिएकोमा म प्रसन्न छ जसले हाम्रो स्थानीय नेतृत्वले बाढी जोखिम घटाउने राष्ट्रिय छलफलमा गरेको महत्वपूर्ण प्रभावलाई उजागर गर्छ।

हामी अर्को बाढीको मौसमको तयारी गर्दैछौँ, कृपया आफू र आफ्नाा प्रियजनहरूको सुरक्षा गर्न सक्रिय कदम चाल्नुहोस्। तपाईंको बाढीको जोखिम बुझ्ने, बाढी बीमा प्राप्त गर्ने, बाढी चेतावनीमार्फत सूचित रहने र एक योजना बनाई राख्नाले ठूलो फरक पार्न सक्छ। यो पुस्तिका्चा तपाईंलाई बाढीको तयारी र प्रतिक्रिया दिन मद्दत गर्ने जानकारीले भरिएको छ। तपाईंको सुरक्षा र तपाईंको वरपरका मानिसहरूको सुरक्षा बढाउन सक्ने बहुमूल्य अन्तर्दृष्टि र व्यावहारिक सुझावहरू प्राप्त गर्न कृपया यसको माध्यमबाट पढ्न समय लिनुहोस्।

एकसाथ, हामी आफ्नो, हाम्रा छिमेकीहरूको र हाम्रो सम्पत्तिको सुरक्षा गर्न सक्छौँबाढीका लागि तयार होऔँ!

रेगन डन, अध्यक्ष,
King County बाढी नियन्त्रण डिस्ट्रिक्ट

**kingcountyfloodcontrol.org**
**Reagan.Dunn@kingcounty.gov**



लोवर रसेल लेवी सेटव्याक परियोजना (Lower Russell Levee Setback Project)ले हाम्रो एकीकृत बाढी प्रभावित क्षेत्र व्यवस्थापन दृष्टिकोणको उदाहरण दिन्छ; यो परियोजना सार्वजनिक सुरक्षा सुनिश्चित गर्दै जलचर र किनाराका आवास सुधार गर्न र मनोरञ्जन र खुला स्थानका अवसरहरू उपलब्ध गराउनमाा मद्दत गर्दछ।

## व्यक्तिहरूको सुरक्षा गर्ने र हाम्रो अर्थतन्त्र, वातावरण र समुदायलाई फाइदा पुर्याउने

हाम्रो समुदायहरू विकास हुँदै जाँदा बाढी व्यवस्थापनको हाम्रो दृष्टिकोण पनि त्यसअनुसार परिवर्तन हुनुपर्छ। King County बाढी नियन्त्रण जिल्ला (डिस्ट्रिक्ट) यस विकासको अग्रभागमा छ। बाढी जोखिमहरूलाई समृद्ध King County समुदायहरू र स्वस्थ पारिस्थितिकीय प्रणालीहरू क्षेत्रीय नदीहरूसँग मिलेर सामञ्जस्यपूर्ण रूपमा सह-अस्तित्वमा हुने सामना गर्न सक्ने भविष्य निर्माण गर्ने हाम्रा लक्ष्य प्राप्त गर्ने हाम्रा दृष्टिकोण प्राप्त गर्नका लागि हामीले हाम्रा प्रयासहरूको केन्द्रमा मानिसहरूलाई राख्दै छौँ।

जिल्लाले एकीकृत बाढी प्रभावित क्षेत्र व्यवस्थापनमार्फत पूर्वाधार योजना बनाउन नयाँ दृष्टिकोणहरू लागू गर्दैछ। तर यसको अर्थ के हो त?

समुदायहरू र पारिस्थितिक तन्त्रहरूको रक्षा गर्नका लागि, जनजाति सम्झौताका सन्धि र सांस्कृतिक स्रोतहरूको सम्मान गर्नका लागि एकीकृत बाढी प्रभावित क्षेत्र व्यवस्थापनले बाढी प्रभावित क्षेत्रको उत्थानशीलता बढाउँछ। यसले कृषि, सफा पानी, जीवित अर्थतन्त्र, साल्मन र व्हेलहरूको पुनरोत्थान र बाह्य मनोरञ्जन क्षेत्रीय मूल्यहरू जस्ता पक्षहरूलाई सहायता गर्दछ। जिल्लाले बाढीको जोखिम घटाउने, सार्वजनिक सुरक्षा सुनिश्चित गर्ने र नदी पारिस्थितिक प्रणालीको समान रूपमा पुनर्स्थापित गर्ने बहु-लाभ परियोजनामा ध्यान केन्द्रित गर्छ। यसले समय सँगै चासो राख्ने पक्षहरूको अधिक रूपमा संयुक्त क्रियाकलापहरू कार्यान्वयन गर्ने समावेश गर्दछ।

यो नयाँ पद्धति अप्रिल 2024 मा जिल्लाले तल्लो हरित नदी करिडोरकाो लागि अन्तिम प्रोग्रामेटिक इन्भाइरोमेन्टल इम्प्याक्ट स्टेटमेन्ट (Programmatic Environmental Impact Statement, PEIS) जारी गरेको बेला उदाहरणीय बनेको थियो। PEIS मा नदीको किनारमा हुने बाढीको जोखिम व्यवस्थापन गर्न तल्लो हरित नदी करिडोरमा बाढीको जोखिमलाई पर्याप्त रूपमा कम गर्ने र साथै सुधारिएको बासस्थान, थप मनोरञ्जनका अवसरहरू र खुला ठाउँ र आर्थिक विकास जस्ता अन्य महत्त्वपूर्ण सामुदायिक लाभहरू पनि प्रदान गर्ने तीनवटा दृष्टिकोणहरूको खोजी गरिएको थियो। यस प्रक्रियामा जनजाति, स्थानीय अधिकार क्षेत्र, एजेन्सी, सरोकारवाला पक्षहरू र सर्वसाधारण सदस्यहरूको उल्लेखनीय सहभागिता थियो।

संलग्नता यो प्रयासको एक हिस्साका रूपमा जिल्लाले स्थानीय सांस्कृतिक र भाषिक ज्ञान तथा सम्बन्धहरू भएका समुदाय विश्वसनीय अगुवाहरूसँग काम गरेको थियो। उहाँहरूको महत्त्वपूर्ण कामले PEIS ड्राफ्टको समीक्षा प्रक्रियाको क्रममा छवटा भाषाहरूमा 2,250 सामुदायिक टिप्पणीहरू हासिल गर्‍यो।

मानिसहरूलाई पहिलो स्थानमा राख्दै र बाढीपहिरो व्यवस्थापनलाई वातावरणीय र सामुदायिक लाभहरूसँग समाहित गर्दै हामी किङ काउन्टीका लागि सुरक्षित र थप उत्थानशील मार्ग प्रशस्त गर्दैछौँ। हामीले गर्ने बाढीको जोखिम न्यूनीकरण प्रयासहरूले हामीले सेवा पुर्‍याउनेहरूकाो आवश्यकता, मूल्य र प्राथमिकताहरू पूरा गर्ने सुनिश्चित गर्न हाम्रो समुदाय-केन्द्रित दृष्टिकोणलाई जारी राख्नेछौँ।

हामी सबै मिलेर मृद्ध King County समुदाय र स्वस्थ पारिस्थितिकीय प्रणालीहरू क्षेत्रीय नदीहरूसँग मिलेर सामञ्जस्यपूर्ण रूपमा सह-अस्तित्वमा रहने बाढी-सुरक्षित भविष्य निर्माण गर्दैछौँ

## जानकार रहनुहोस्

**बाढीका अवस्थाहरू तुरुन्त परिवर्तन हुन्छन्।** तपाईंले काम गर्नका लागि समय पाउन र आफ्ना परिवारलाई सुरक्षित राख्न सक्नुहोस् भन्नका लागि सूचित रहनुहोस्।

### फोन, टेक्स्ट सन्देश वा इमेल अलर्ट

बाढीसम्बन्धी नि:शुल्क स्वचालित सतर्कताहरूका लागि साइन अप गर्नुहोस्। नदी र बाढीको चरणअनुसार तपाईंले तपाईंका चेतावनीहरू व्यक्तिगत बनाउन सक्नुहुन्छ।

### बाढीसम्बन्धी चेतावनी दिने *नयाँ* एप

रियल टाइम गेज डाटा, बाढीका चरणहरू र भविष्यवाणीहरू ट्र्याक गर्दछ। अद्यावधिक गरिएका एपका विशेषताहरू:

- बढी भरपर्दो प्रवधि
- अन्तरक्रयित्मक ग्राफहरू
- थप भाषाहरू

यहाँ जानुहोस्
***kingcounty.gov/flood***
वा फोन गर्नुहोस्
**206-477-4899**

# KING COUNTY नदी प्रणालीहरू


हाम्रो नयाँ ब्लग हेर्नुहोस्!
*kingcountyfloodcontrol.org/district-news*

## जानकारीमा रहनुहोस्

@KCFloodDistrict
@KCDNRP

@KingCountyDNRP

@KCFloodDistrict
@KingCountyDNRP




### संघीय आकस्मिक व्यवस्थापन एजेन्सी (FEDERAL EMERGENCY MANAGEMENT AGENCY, FEMA) 100 वर्षीय फ्लडप्लेन

100-वर्षे बाढी आउने स्थानचाहिँ बाढीको समयमा बाढी आउने अनुमान गरिएको क्षेत्र हो जसमा कुनै पनि वर्ष बाढी आउने सम्भावना 1% हुन्छ।



### बालुवाको बोरा सम्बन्धी कार्यक्रम

बालुवाका बोराहरू साधारण र बाढीसँग लड्ने प्रभावकारी औजारहरू हुन्। तिनीहरू कहाँ प्राप्त गर्ने र कसरी प्रयोग गर्ने बारे यहाँबाट सिक्नुहोस्: *kingcounty.gov/sandbags*.

## समुदायका लागि कडा मेहनत

किङ काउन्टी फ्लड कन्ट्रोल डिस्ट्रिक्टले समानता र सामाजिक न्याय, दिगो जीविका, बासस्थान संरक्षण, साल्मन पुनरोत्थान, मनोरञ्जन र उत्थानशील समुदायहरूलाई अगाडि बढाउँदै धनजनलाई बाढीबाट जोगाउन काम गर्दछ।

**370+ परियोजनाहरू सम्पन्न भयो**
बाढी रोक्ने बाँध र सुरक्षात्मक बाँधको सुधार (प्रबलीकरण गरिएका बाँधहरू)

**500+ को सञ्चालन र मर्मत गर्ने**
बाढी सुरक्षाका महत्वपूर्ण सुविधाहरू काउन्टी भरीमा

**118+ सिधा मापन गरिएका माइलहरू**
नदि किनारहरूका

**800 बाढीबाट बच्न प्रबलिकरण गरिएका**
जमिनको **हेकर**

## बाढीका चरणहरू

King County ले नदीको बाढी अवस्था प्रतिबिम्बित गर्न चार चरणहरू प्रयोग गर्दछ। चरण जति उच्च हुन्छ, नदीहरूमा पानीको प्रवाह उति नै बढी हुन्छ र बाढीको अनुभव हुने सम्भावना पनि बढ्छ।

**1 तयार रहनुहोस्**
सामान्यत: कुनै बाढी आउँदैन। King County का कर्मचारी सतर्क अवस्थामा रहन्छन्।

**2 न्यून**
केही स्थानहरूमा भूक्षय, बाढीबाट क्षति र सडक बन्द हुने सम्भावना हुन्छ । King County बाढी चेतावनी केन्द्र खुला रहन्छ। कर्मचारीहरू दिनको 24 घण्टा नै मद्दत गर्न उपलब्ध हुन्छन्।

**3 मध्यम**
फरक-फरक गहिराइमा बाढी आउन सक्छ। मुख्य सडकहरूसहित धेरै सडकहरू बन्द हुने सम्भावना रहन्छ। बाढी गस्तीका कर्मचारीहरूले बाढीको जोखिममा रहेका क्षेत्रहरूको भ्रमण गर्छन् र बाढी नियन्त्रण पूर्वाधारहरूको निरीक्षण गर्छन्।

**4 गम्भीर**
व्यापक बाढी सहित द्रुत गतीमा चल्ने पानी। नदीय उपत्यकाहरूमाजतातातै सडक बन्द। बाढी चेतावनी केन्द्र खुला रहन्छ। बाढी गस्तीले निरीक्षणको संख्या बढाउँछ।

**South Fork Skykomish, Tolt, Snoqualmie, Cedar, Green र White नदिहरू र Issaquah Creek का प्रत्येक बाढी चरणका अवस्थाहरूको विस्तृत विवरणका लागि *kingcounty.gov/flood* मा जानुहोस्।**

## थप स्रोतहरू

**तपाईंको सम्पत्ति बाढी प्रभावित क्षेत्रमा पर्छ कि पर्दैन भनेर पत्ता लगाउन**
*kingcounty.gov/FEMAmap* मा जानुहोस् वा 206-477-4812 मा फोन गर्नुहोस्।

**बाढीका लागि कसरी तयारी गर्ने** *kingcounty.gov/floodservices*

**King County आकस्मिक चेतावनी** *kingcounty.gov/alert*

**King County आकस्मिक समाचार ब्लग** *kcemergency.com*

**King County बाढी चेतावनी** 206-477-4899 • *kingcounty.gov/flood*

**King County बाढी चेतावनी केन्द्र** 206-296-8200 वा 800-945-9263

**King County हाउजिङ मर्मत कार्यक्रम**
*निम्न-आय भएका, योग्य घरधनीहरूलाई घर मर्मतका लागि प्रमुख आवश्यक आर्थिक सहायता।*
206-263-9095 • *kingcounty.gov/housingrepair*

**King County रोड 24/7 हेल्पलाइन** 206-477-8100

**King County आकस्मिक चेतावनी** *kingcounty.gov/roadalert*

**Metro Transit अवरोधहरू** *kingcounty.gov/metro*

**राष्ट्रिय बाढी बीमा कार्यक्रम** 877-336-2627 • *floodsmart.gov*

**सार्वजनिक बसोबास स्वास्थ्य र King County सेप्टिक ट्याङ्क र इनारका समस्याहरू**
206-477-8050

KING COUNTY FLOOD CONTROL DISTRICT

King County
Department of Natural Resources and Parks
**Water and Land Resources Division**


यो नक्सामा समावेश गरिएका जानकारी King County का विभिन्न स्रोतहरूबाट सङ्कलन गरिएको हो र बिना सूचना परिवर्तन हुन सक्छ। King County र King County Flood Control District यस जानकारीको प्रयोगको अधिकार, शुद्धता, पूर्णता, समयबद्धता वा अन्य कुनै पनि दावी वा ग्यारेन्टीहरू, स्पष्ट वा निहित रूपमा प्रदान गर्दैनन्। यो कागजात सर्वेक्षण सामग्रीको रूपमा प्रयोग गर्नका लागि अभिप्रेरित छैन। King County र जिल्लाट यस नक्सामा समावेश गरिएको जानकारीको प्रयोग वा दुरूपयोग बापत गुमेका रआय वा गुमेका लाभहरू सहित, तर यतिमा मात्र सीमित नरहेर, कुनै पनि सामान्य, विशेष, अप्रत्यक्ष, प्रासंगिक वा परिणामी क्षतिहरूका लागि जिम्मेवार हुने छैनन्। King County को लिखित अनुमतिबाहेक अन्य अवस्थामा यो नक्सा वा यसमा भएको जानकारीको बिक्री गर्न प्रतिबन्ध छ।


अनुवादित Be Flood Ready ब्रोशरका लागि कृपया *kingcounty.gov/prepareforflooding* मा जानुहोस्। अनुरोध गरिएमा थप अनुवाद र प्रिन्ट गरिएका अनुवादित ब्रोसरहरू नि:शुल्क उपलब्ध छन्। कृपया हामीलाई 206-477-4812 मा सम्पर्क गर्नुहोस्।

Para obtener los folletos traducidos de Be Flood Ready, visite *kingcounty.gov/prepareforflooding*. Si lo pide, hay traducciones adicionales y folletos traducidos impresos sin costo alguno para usted; comuníquese con nosotros al 206-477-4812.

Để nhận bản dịch tờ gấp Sẵn Sàng Ứng Phó Với Ngập Lụt, vui lòng truy cập *kingcounty.gov/prepareforflooding*. Chúng tôi cung cấp miễn phí các bản dịch khác và bản cứng tờ gấp đã dịch theo yêu cầu cho quý vị. Vui lòng liên hệ với chúng tôi theo số 206-477-4812.

번역된 홍수 대비 브로셔는 웹사이트 *kingcounty.gov/prepareforflooding* 를 참조하세요. 추가 번역 및 인쇄된 번역 브로셔가 필요하면 요청 시 무료로 드립니다. 206-477-4812로 문의하세요.

如需「Be Flood Ready (做好防洪準備)」手冊的翻譯版本，請造訪 *kingcounty.gov/prepareforflooding*
如果您需要額外的翻譯版本和紙質翻譯版手冊，請致電 206-477-4812 聯絡我們，我們將免費為您提供

Si aad u hesho buug-yaraha u diyaarsanoow daadka fadlan booqo *kingcounty.gov/prepareforflooding*. Turjumaada dheeraadka ah iyo buug-yaraha la daabacay ayaad ku heli kartaa si bilaash ah markaaad adiga codsato, fadlan nagala soo xiriir 206-477-4812.

Переведенные брошюры Be Flood Ready (Подготовка к наводнению) можно найти на странице *kingcounty.gov/prepareforflooding*. Чтобы бесплатно запросить перевод на другие языки или печатный экземпляр переведенной брошюры, звоните на номер 206-477-4812.